स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सातौं नेपाल अन्तर्राष्ट्रिय फिल्म महोत्सव (निफ)मा अभिनेता विपिन कार्की र अभिनेत्री सुरक्षा पन्त उत्कृष्ट घोषित भएका छन् । सोमबार महोत्सवको समापन समारोहमा विपिनले फिल्म 'एक भागवत एक गीता'बाट उत्कृष्ट अभिनेताको अवार्ड प्राप्त गरे भने फिल्म 'बुलाकी'बाट सुरक्षाले उत्कृष्ट अभिनेत्रीको अवार्ड जितिन् । उत्कृष्ट फिल्म पनि 'बुलाकी' बन्न सफल भएको छ । र, यही फिल्मबाट लक्ष्मण सुनारले उत्कृष्ट निर्देशकको अवार्ड पनि प्राप्त गरे ।

**आजको विचार...**



विष्णुप्रसाद खनाल

कामदार...
(दुई पेजमा)

(दुई पेजमा)

प्रदीप शाहीले निर्देशन गर्न लागेको अनटाइटल फिल्ममा प्रदीप खड्का र बेनिशा हमालले जोडी बाँध्ने भएका छन् । यो साई-फाई जोम्बी थ्रीलर फिल्मको लिड-लेडीमा बेनिशा अनुबन्धित भएकी हुन् । अभिनेता खड्कासँग हमालले पहिलोपटक स्क्रिन सेयर गर्न लागेकी हुन् । नाम तय नभैसकेको फिल्मको पटकथा निर्देशक शाहीले लेखेका हुन् । शाही प्रोडक्सनको ब्यानरमा निर्माण हुने फिल्ममा ह्याम्सायर एकाउन्टेनको सहकार्य हुनेछ । फिल्मका अन्य कलाकार र प्राविधिक तय हुन बाँकी रहेको जनाइएको छ ।



❐ वर्ष २९ ❐ अंक २३१ ❐ २०८० चैत ७ गते बुधबार 20 March 2024, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### बस दुर्घटना हुँदा नौ जनाको मृत्यु

**ढोरपाटन (बागलुङ),** चैत ६/ बागलुङमा बस दुर्घटना हुँदा नौ जनाको मृत्यु भएको छ । पूर्वीरुकुमबाट काठमाडौंतर्फ प्रस्थान गरेको बागमती प्रदेश०१-००६ख३८७९ नम्बरको बस सोमबार बागलुङको निसीखोला गाउँपालिका-६ जाउलेपानीस्थित मध्यपहाडी लोकमार्गमा दुर्घटना भएको थियो । दुर्घटनामा २८ जना घाइते भएका छन् । घाइतेमध्ये एक जनाको बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भइरहेको र अन्य २७ जनालाई बागलुङस्थित धवलागिरी अस्पतालमा ल्याइएको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मदन केसीले जानकारी दिए । दुर्घटनामा दाङका १८ वर्षीय लक्की पुनमगर, पश्चिमरुकुम मुसिकोट-१ का २७ वर्षीया बिनिता केसी, रुकुमपश्चिम मुसिकोट नगरपालिका-२ रातामाटाका सवारी धनी बबिददेल नेपाली, मुसिकोट नगरपालिका-४ सोलाबाङका ३५ वर्षीया टीका केसी, मुसिकोट नगरपालिका-३ साँखकी कल्पना केसी, रोल्पा घर भएका गाडी चालक सुवास गौतम भनिने मानसिंह विक, गोर्खा घर भएकी गीता थापा, ललितपुरका सुजन महर्जन र रुकुमपूर्व सिस्ने गाउँपालिका-५ रुमालबाराका २५ वर्षीय विक्रम परियारको मृत्यु भएको सूचना अधिकारी केसीले बताए । *-रासस*

# किसानलाई पशु बिमा गर्न कठिन

**रासस**

**गल्याङ (स्याङ्जा),** चैत ६/स्याङ्जाको वालिङ नगरपालिका अन्तर्गतका किसानले पशु बिमा गर्न समस्या हुने गरेको बताएका छन् । वालिङ-११ स्वरेक पृतिपका कृषक राजु पङ्गेनीले बाखाको बिमा गर्न निकै कठिन भएको गुनासो गरे ।

उनले राजेन्द्र भवानी नस्लसुधार बाखा फार्ममार्फत तीन वर्षदेखि उन्नत जात र स्थानीय जातका बाखा पाल्दै आएका छन् । व्यवसायबाट राम्रो आम्दानी हुने गरे पनि बाखाको बिमा गर्न समस्या हुने गरेकाले काम गर्न जाँगर हराउँदै गएको उनले सुनाए । "वैदेशिक रोजगारबाट मात्र राम्रो आम्दानी गर्न सकिन्छ भन्ने आम धारणालाई चिर्न गाउँमै बाखापालन सुरु गरेका थियौँ", उनले भने, "उत्पादन गर्न सके बजार पनि राम्रो छ तर ठूलो मूल्यका बाखामा तलमाथि भएमा बिमा गर्न नसकिँदा जोखिम हुने डर छ ।" उनले बिमा कम्पनीसँग पटकपटक आग्रह गर्दा पनि बिमा गर्न कठिन हुने गरेको गुनासो गरे । "सितिमिति बाखाको बिमा गरिदिन्नन्, च्यानल मिलाउने, भनसुन गरेर बडो कठिनसँग बिमा गरे पनि बिमाबापतको पाउने रकम अत्यन्त कम छ", पङ्गेनीले भने । उनले बीउका लागि उत्पादन गर्ने उद्देश्यले व्यवसाय सुरु गरे पनि महङ्गीका कारण मासु उत्पादनतर्फ लागेको बताए । पङ्गेनीको फार्ममा मासिक ४५ देखि ७० सम्म बोयर क्रस र खरी जातका बाखा हुने गर्छन् । उनको रु तीन लाखबाट सुरु गरेको व्यवसाय हाल रु १५ लाख पुगेको छ । आधुनिक खोर, ट्रस, डुँड, चरन क्षेत्रलगायत संरचना निर्माण गरेर उनले व्यवसाय गरेका छन् । पङ्गेनीले भने, "तराईका बाखा स्थानीय बजारमा आउँदा यहाँका बाखा केही सस्तोमा बिक्री गर्नुपर्छ, बर्खा र जाडोमा सामान्य रुघाखोकीबाहेक अन्य स्वास्थ्य समस्या छैन, हिउँदमा हरियो घाँसको थोरै समस्या भने हुन्छ ।" परम्परागत रूपमा गर्दै आएको बाखापालनलाई स्वरोजगार बन्न गाउँमै व्यावसायिक बाखा पालेको उनले बताए । पङ्गेनीले खोरसुधार कार्यक्रम अन्तर्गत जिल्ला भेटेरिनरीबाट रु एक लाख ५० हजार र बीउ पूँजी कार्यक्रम अन्तर्गत दियालोमार्फत रु २५ हजार अनुदानसमेत पाएका छन् । उनले बाखा पालनबाट वार्षिक रु पाँचदेखि सात लाखसम्म आम्दानी गर्दै आएका छन् । पङ्गेनीको बाखापालन व्यवसायलाई बुबा झोमलाल, आमा खिनाकुमारी, श्रीमती पूजादेवी, भाइ डाँसिराम र बुहारी भारतीले सहयोग गर्दै आएका छन् ।




नगरपालिकाका पशु शाखा प्रमुख डा.माधव डुम्रेले पशुको बिमा गर्न बिमा कम्पनीले कठिन मान्ने गरेको स्वीकार गरे । "बाखा मर्ने सम्भावना अलि धेरै हुने गरेकाले बिमा कम्पनीले सहज रूपमा बिमा नगरिदिने कुरा सत्य हो", उनले भने, "यो समस्या समाधानका लागि बिमा कम्पनीलाई छलफलमा बोलाएर समस्या सुल्झाउन आग्रह गरेका छौँ ।" उनका अनुसार बिमा शुल्क बापतको रकम ८० प्रतिशत सरकारले र २० प्रतिशत कृषकले आफैले बेहोर्ने गरेका बताए । कुनै कारणले बाखा मरेमा वा बिरामी भएमा नगरपालिकाले प्रकृति हेरेर सहयोग गर्ने गरेको उनले जानकारी दिए ।


## मुखको स्वास्थ्यमा ध्यान दिऔं

*दाँत तथा मुखको रोगले मानव स्वास्थमा गम्भीर असर पार्ने हुँदा :*

- चिनीयुक्त वा दाँतमा टाँस्सिने खालका खानेकुरा कम खाऔं,
- रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं,
- फ्लोराईडयुक्त टुथपेष्टले दुई मिनेटसम्म दिनको दुई पटक ब्रस गरौं,
- खाना खाईसकेपछि राम्रोसँग ब्रस वा कुल्ला गर्ने गरौं,
- डेन्टल फ्लसको मद्दतले दाँतमा अड्किएको खाना निकालौं,
- सुर्तिजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं,

***नियमित रुपमा मुख तथा गिजाको जाँच गराऔं, गम्भीर रोगबाट बचौं र बचाऔं ।***


नेपाल सरकार

**विज्ञापन बोर्ड**


# आज अन्तर्राष्ट्रिय खुसी दिवस मनाइँदै

**पाल्पा,** चैत ६/आज अन्तर्राष्ट्रिय खुसी दिवस मनाइँदै छ । हरेक वर्ष मार्च २० लाई अन्तर्राष्ट्रिय खुसी दिवसको रुपमा मनाइने गरिएको छ । नेपालमा भने सन् २०१६ देखि यो दिवस मनाउन थालिएको हो ।

हामी एक सरल, दैनिक अभ्यास अपनाएर सँगै खुसी र दयालु संसार बनाउन सक्छौँ भन्ने विश्वासका साथ खुसी दिवस मनाइने गरिएको पाइन्छ । यस दिवसले हामीलाई खुसी हुन पाउनु पनि आधारभूत मानव अधिकार हो र खुसी हुनु जरुरी छ भनेर भनेर याद दिलाउने गर्दैछ । सन् २०११ मा संयुक्त राष्ट्र महासभाले एक प्रस्ताव पारित गर्दै खुसीलाई आधारभूत मानव लक्ष्य बनायो र खुसीलाई आर्थिक अवसर जत्तिकै प्राथमिकता दिने आह्वान पनि गऱ्यो । दुई वर्ष पछि सन् २०१३ मा संयुक्त राष्ट्रका सबै १ सय ९३ सदस्य राष्ट्रहरूले विश्वको पहिलो अन्तर्राष्ट्रिय खुसी दिवस मनाए, र यो निरन्तर हरेक वर्षको मार्च २० मा आयोजना हुँदै आइरहेको छ ।



**वर्ल्ड ह्याप्पीनेस इन्डेक्समा नेपाल**

मार्च २०२२ मा अन्तर्राष्ट्रिय खुसी दिवस अघि जारी गरिएको उक्त वर्षको विश्व खुसी प्रतिवेदन २०२२ को १० औं संस्करणमा नेपाल ८४ औं स्थानमा छ ।

लगातार पाँचौं वर्ष, फिनल्यान्ड विश्वको सबैभन्दा खुसीको रूपमा शीर्ष स्थानमा रहेको छ । खुसी रैंकिंग विश्व खुसी रिपोर्टको एउटा पाटो हो । देशको स्कोर एक सर्वेक्षणमा आधारित हुन्छ जसमा सहभागीहरूले आफ्नो वर्तमान जीवनको गुणस्तरलाई शून्य देखि १० को स्केलमा मूल्याङ्कन गरेका थिए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नवा जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## अवस्थाप्रति गम्भीर बन्ने दिन आए

अहिले नेपाली राजनैतिक वृत बहुमूल्य सुनकाण्डका कारण चर्चा र परिचर्चामा रुमलिएको छ । संसदमा वहससँगै सरकार र गृहमन्त्री अनि वर्तमान सरकारका धेरैजसो मन्त्रीहरुका काण्डै काण्डले नेपाली राजनैतिक अवस्थालाई कुहिरोले ढाके जस्तै ढाकिरहेको अवस्था छ । एकले अर्काको राजनैतिक करियर समाप्त पार्ने षड्यन्त्रसँगै अन्तरपार्टी बीच पनि ठूलै शक्ति संघर्षका अवस्था हेर्दा राजनैतिक वृतमा नैतिकता मृत्यु शैयामा थियो, अब औपचारिकरुपमा मृत्युको घोषणा गर्ने काम फटाफट भइरहेको आभाष हुन्छ । संसदबाट कानुनहरु बन्नुपर्नेमा त्यसो भएको छैन । गफगाफ र एकआपसीमा हिलो छ्याप्ने बाहेक खासै केही भएको पाइदैन । संसद सरकार ढाल्ने र सरकार बनाउने अदृश्य यन्त्र जस्तै भएको छ । सभामुख र संसदका जिम्मेवार पात्रहरु विदेश भ्रमणमै मस्त देखिन्छन् । प्रधानमन्त्री मन्त्रालयको बाँडफाँड र सरकार टिकाउने खेल बाहेक अरु कर्म प्रति चिन्तित देखिदैनन् । प्रदेश सरकारहरु अन्यौलताको शिकार भएका छन् । अगामी वर्षको लागि आवश्यक पर्ने नीति, कार्यक्रम र बजेटको नीतिगत व्यवस्थाका लागि कामै अगाडि बढेका छैनन् । जनता जतिसुकै आशावादी भएपनि भरोशा कसैको पनि रहेनछ भन्नेमा पुगेका छन् । त्यसकारण मुलुक अत्यान्त्यै गम्भीर अवस्थाबाट अगाडि बढिरहेको अवस्था प्रति कसैको पनि चिन्ता र चासो भएको पाइदैन ।

बजार तरल छ, आम उपभोक्ताहरु अन्यौलमा छन् । महंगी दिनप्रति दिन बढिरहेको अवस्थाप्रति कसैले पनि नियन्त्रण र असल अनुगगमन गरेको पाइदैन । रोजगारीका हरेक सम्भावनाहरु कमजोर भएका छन् । निजी क्षेत्र सरकारको अस्थिरता देखेर रल्ल टुल्ल जस्तै छ । समग्र रुपमा भन्दा मुलुकको आर्थिक प्रगति शून्य जस्तै छ । हरेक प्रगतिमा राजनैतिक स्थायित्व, पारदर्शिता आवश्यकपर्ने कुरा गफ जस्तै भए, व्यवहारमा लागु भएनन्, अब के गर्ने ? कसरी गर्ने ? भन्ने प्रश्नहरुका जवाफहरु कुनै पनि तहबाट प्राप्त गर्न सकिने अवस्था देखिदैन । त्यसकारण हरेक नागरिक अब चिन्ता र चासोका साथ अगाडि नबढ्दासम्म देशले निकास पाउदैन । मुलुकलाई नयाँ तौर तरिका र जनताका न्यूनतम आवश्यकता परिपूर्ति गर्ने सोंच र नीतिलाई कार्यान्वयन गरौं । अनि बल्ल मुलुक बन्छ । अन्यथा हामी कहिल्यै पनि समुन्नत समाजको परिकल्पना गर्न सक्दैनौ ।

### Opinion @ Social Network

आफ्नै अनुहार आफैले हेर्दा त झनक्क रिस उठेर आउँछ भने, अरुलाई झन कति रिस उठ्दो हो ।
*(मन्जिल मगरको फेसबुक स्टाटसबाट https://www.facebook.com/Manjil.ido)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कामदारको सुरक्षामा राज्य र नागरिक



**विष्णुप्रसाद खनाल**

नेपालले हालसम्म १ सय ८२ देशसँग द्वीपक्षीय सम्बन्ध कायम गरेको छ । नेपालको पहिलो दौत्य सम्बन्ध सन् १८१६ मा बेलायतसँग कायम भएको थियो भने पछिल्लो सम्बन्ध सन् २०२४ मार्च १ मा टंगा राज्यसँग भएको छ । कुनै पनि देशको द्वीपक्षीय सम्बन्धले ती देशका नारिकहरूलाई रोजगारी सिर्जना तथा सामाजिक, सांस्कृतिक, विविधताको आदानप्रदान गर्न सहयोग पुग्दछ । नागरिकहरू विभिन्न देशमा रोजगारीका लागि जाने गर्दछन् । तर, नेपालीहरूले विभिन्न देशहरूमा रोजगारीको शिलशिलामा ज्यान समेत गुमाउन थालेका छन् । बेरोजगारी कुनै पनि राष्ट्रका लागि आफैंमा जटिल समस्या हो । देश, अवस्था र परिस्थितिले मानिसहरू विदेशिन बाध्य हुन्छन् । बेरोजगारीको मुख्य कारण गरिबी हो, यसले गर्दा कुनै पनि देशका सक्षम नागरिकहरू विदेशमा जाने, जोखिमपूर्ण काम गर्न र मृत्युवरण गर्नसमेत बाध्य भएका छन् । नेपालीहरू खासगरी अवैधानिक र वैधानिक गरी दुई प्रकारले विदेशिन बाध्य छन् । हरेक वर्ष जनसंख्याको वृद्धि, कृषिबाट हुने आयस्रोत राम्रो नहुनु, औद्योगीकरणको अभाव, निजी क्षेत्रको व्यवसायको कमी हुनु र अन्य कारणले गर्दा बेरोजगार समस्या बढिरहेको छ । देशमा रोजगारीको अवसर नहुनाले र शहरी क्षेत्रमा उचित पारिश्रमिक नपाउने कारण आर्थिक अवस्था कमजोर हुनाले वैदेशिक रोजगारीमा जाने गरेको देखिन्छ ।

नेपाली वैदेशिक रोजगारमा शताब्दीयौंदेखि जाने गरेको इतिहास छ । केही वर्षयता नेपालमा दिनानुदिन वैदेशिक रोजगारप्रति आकर्षण बढ्दो छ । हाल नेपालीका लागि आर्थिक लाभ र जीविकोपार्जनको महत्वपूर्ण आधार नै वैदेशिक रोजगार भएको छ । शिक्षित वा अशिक्षित अधिकांश नेपालीको गन्तव्य नै वैदेशिक रोजगारी भएको तथ्य लगभग स्थापित भइसकेको छ । वैदेशिक रोजगारमा जानु आफैंमा नराम्रो होइन् तर रोजगारी सुरक्षित भएन भने, रोजगारी कल्याणकारी भएन भने त्यसले समस्या निम्त्याउँन सक्छ । कानुनी रूपमा हेर्ने हो भने नेपालमा वैदेशिक रोजगारसम्बन्धी ऐनको व्यवस्था विसं २०४२ मा भएपछि नेपालीलाई रोजगारी दिलाउने उद्देश्यले विभिन्न संस्था तथा निजी एजेन्सी खोल्न थालियो । राजनीतिक परिवर्तनले गर्दा र विश्वव्यापीकरणको नीतिनुरूप वैदेशिक रोजगारमा जाने संख्या बढ्न गऱ्यो । सरकारले आन्तरिक र वैदेशिक रोजगारीलाई व्यवस्थित गर्ने उद्देश्यले नेपाल रोजगार सूचना केन्द्र व्यवस्थापन प्रणालीबाट रोजगारदाता र श्रमिक दुवैको यथार्थ तथ्यांक आउनेछ । यो प्रणालीको विकासले वैदेशिक रोजगारीका नाममा हाल हुँदै आएका ठगी पनि नियन्त्रण हुने अपेक्षा गर्न सकिन्छ । राष्ट्रिय जनगणना, २०७८ को तथ्यांक अनुसार २१ लाख ९० हजार ५९२ नेपाली विदेशिएका छन् । त्यसमध्ये ८२.२ प्रतिशत पुरुष छन् भने १७.८ प्रतिशत महिला छन् । नेपाली महिलालाई सुरक्षाको दृष्टिकोणले चुनौती देखिएकाले देशमा संस्थागत रूपमा भन्दा व्यक्तिगत रूपमा श्रम स्वीकृति दिनेको संख्या बढी देखिन्छ । मुलुकको अर्थतन्त्रमा वैदेशिक रोजगारले आर्थिक टेवा पुऱ्याएको छ तर बढ्दो श्रम आप्रवासन अर्थात् वैदेशिक रोजगारीको अवस्थाले गर्दा राज्यका लागि असर परिरहेको छ । यसले मुलुकको सामाजिक, आर्थिक, सांस्कृतिक क्षेत्रमा नकारात्मक असर परिरहेको छ । यसले दीर्घकालीन रूपमा बिस्तारै देशलाई घातक हुनसक्छ । ऊर्जाशील र उत्पादनशील सक्षम युवा विदेशिएर गाउँको खेती बालीनालीका लागि श्रमिक अभाव भइरहेको छ ।

वैदेशिक रोजगारीको नाममा हुने ठगी नियन्त्रणका लागि आवश्यक प्रमाण जुटाउने र एजेन्टको खोजीका लागि प्रहरीलाई मद्दत पुऱ्याउन वैदेशिक रोजगारी ऐन, २०६४ को व्यवस्था अनुसार जिल्ला प्रशासन कार्यालयलाई अधिकार प्राप्त छ । वैदेशिक रोजगार सुविधा पुऱ्याउन स्थानीय युवाका लागि सुरक्षित वैदेशिक रोजगार परामर्श, नि:शुल्क कानुनी सेवा, सीप तालिम, मनोसामाजिक परामर्श तथा वित्तीय साक्षरताको ज्ञान दिनु जरुरी छ । यसका लागि राज्यले कानुन तथा नीति नियमको स्पष्ट व्यवस्था गरिदिनु पर्दछ । दक्ष र सक्षम कामदार पठाउन सकेमा कुनै जोखिमपूर्ण काममा लगाउन नपर्ने हुन्छ । संस्था तथा व्यक्तिगत एजेन्सीहरूका लागि आवश्यक सुविधाका लागि आधिकारिक इजाजतपत्र दिन आवश्यक सुलभ व्यवस्था हुनु जरुरी छ । नेपालको संविधानले सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दै लिंग क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदाय गर्ने नीतिअंगिकार गरेको छ । कृषि क्षेत्र निर्वाहमुखी हुनु, राज्यको स्रोत साधनमा गरिबहरूको सहज पहुँच पुऱ्याउन नसक्नु, वैदेशिक रोजगारीबाट प्राप्त आर्थिक सामाजिक विप्रेषणको उपयोग उत्पादनमूलक क्षेत्रमा लगाउन नसक्नु, बौद्धिक पलायन रोक्न नसक्नु र दक्षता तथा क्षमता अनुरूप रोजगारीको अवसर सिर्जना गरी वैदेशिक रोजगारीमा जाने जनशक्तिको क्षमताको उपयोग मुलुकभित्रै गर्न नसक्नु गरिबी निवारणका प्रमुख समस्याको रूपमा रहेका छन् ।

वर्तमान १५औं योजनामा सबै प्रकारको गरिबीमुक्त समाजको निर्माण गर्ने सोच, गरिब र धनीबीचको आर्थिक असमानता न्यूनीकरण गर्दै गरिबीको रेखामुनि रहेको जनसंख्या ११ प्रतिशतमा ल्याउने लक्ष्य राखिएको छ । योजनाले गरिब पहिचान गर्नु एवम गरिब लक्षित कार्यक्रम सञ्चालन गर्ने, गरिब वर्ग लक्षित सीप विकास तथा रोजगारी सिर्जना गर्नु, राज्यको स्रोतसाधनमा गरिबको सहज पहुँच स्थापित गर्नु उद्देश्य तय गरिएको छ । गरिबी निवारण र आर्थिक विकासमा उल्लेख्य प्रगति गर्न सकिने तथ्यलाई मध्यजनर गरी श्रमबजारको आवश्यकता अनुसार सीपमूलक जनशक्तिको विकास गर्नु आजको आवश्यकता हो । गुणस्तरीय मानव संशाधनको विकासमार्फत श्रमको उत्पादकत्व अभिवृद्धि गरी राष्ट्रिय अर्थतन्त्रलाई सबल बनाउन उत्पादनको क्रियाशील साधनको रूपमा श्रमको महत्वपूर्ण भूमिका रहन्छ । उत्पादनमूलक रोजगारी सिर्जना गरी मुलुकमा उपलब्ध युवा श्रमशक्तिको उपभोगमार्फत कृषि क्षेत्रमा विद्यमान अनुत्पादक अधिक श्रमशक्तिलाई उद्योग, व्यापार, पर्यटन, शिक्षा, स्वाथ्यजस्ता सेवा क्षेत्रमा स्थानान्तरण गर्न सकेमा अर्थतन्त्रको संरचनात्मक परिवर्तनमा योगदान हुनसक्छ । विगतमा वैदेशिक रोजगारीले गरिबी निवारणमा उल्लेखनीय भूमिका खेलेकोले सरकारी स्तरबाटै यसको प्रवर्द्धन गरिए पनि यसले ल्याएका र ल्याउनसक्ने, सामाजिक, आर्थिक र मानवीय जोखिम विश्लेषण गरी आन्तरिक रोजगारी सिर्जना गरी वैदेशिक रोजगारीलाई निरुत्साहित गर्नुपर्नेछ ।

नेपालको संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रूपमा स्थापित गर्नुका साथै दक्ष र व्यावसायिक श्रमशक्तिको विकास गर्ने, श्रमिक र उद्यमीबीच सुमधुर समन्ध कायम गर्ने, वैदेशिक रोजगारबाट आर्जित पुँजी, सीप प्रविधि र अनुभवको स्वदेशमा उपयोग गर्ने नीति लिएको छ । नेपालको संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रूपमा स्थापित गर्नुका साथै दक्ष र व्यावसायिक श्रमशक्तिको विकास गर्ने, श्रमिक र उद्यमीबीच सुमधुर समन्ध कायम गर्ने, वैदेशिक रोजगारबाट आर्जित पुँजी, सीप प्रविधि र अनुभवको स्वदेशमा उपयोग गर्ने र सबैका लागि मर्यादित कामको अवसर सुनिश्चित गर्ने नीति लिएको छ । अन्तर्राष्ट्रिय श्रम संगठनको अभिसन्धि १६९ ले मर्यादित र सुरक्षित रोजगारी र श्रमको उत्पादकत्वको प्रत्याभूति गरेको छ । राष्ट्रिय रोजगार नीति २०७१ र वैदेशिक रोजगार नीति २०६८ कार्यान्वयनमा आएका छन् भने दिगो विकास लक्ष्य र अन्तर्राष्ट्रिय श्रम संगठन अभिवृद्धिमार्फत रोजगारी सुरक्षित प्रतिबद्धता व्यक्त गरिएको छ । यसका लागि आन्तरिक रोजगारीको प्रर्वद्धन, बाध्यात्मक, वैदेशिक रोजगारीको अन्तय र उत्पादकत्व अभिवृद्धि गर्ने रणनीति अनुरूप विभिन्न कार्यक्रम सञ्चालनमा रहेका छन् । नेपालमा प्रत्येक वर्ष करिब पाँच लाख थप जनशक्ति श्रम बजारमा प्रवेश गर्दछन् । श्रम सीप र उत्पादनबीच तादम्यता कायम हुन नसक्नु, श्रमप्रतिको सम्मानमा कमी हुनु, उद्यमशीलता विकास स्वरोजगार प्रर्वद्धन र उत्पादनशील रोजगारीको सिर्जना पर्याप्त हुन नसक्नु वैदेशिक रोजगारीबाट प्राप्त सीप र पुँजीको न्यून परिचालन हुनु, विभिन्न प्रकृतिको बालश्रम विद्यालयमा रहनु, सकरात्मक औद्योगित श्रम सम्बन्धको विकास गरी रोजगारीमैत्री लगानीलाई प्रोत्साहन गर्न नसक्नु र श्रमबजार सूचना प्रणाली र श्रम प्रशासन चुस्त नहुनु मुख्य समस्या हुन् । वर्तमान १५औं योजना (२०७६-२०८१) मा रोजगारको व्यवस्थापनको सन्दर्भमा सबै नागरिकलाई मर्यदित र उत्पादित र उत्थानशील रोजगारीको उपलब्धता गराउने सोच कायम रहेको छ । यसका साथै उत्पादनशील क्षेत्रमा रोजगारी अभिवृद्धि गरी बेरोजगारी दर तथा श्रमको अल्प उपयोगमा उल्लेखनीय रूपमा कमी ल्याउने लक्ष्य तथा देशभित्र उत्पादनशील र मार्यदित रोजगारका अवसर विस्तार गर्नु, असल औद्योगिक श्रम सम्बन्ध विकास गर्नु, बालश्रम लगायत सबै प्रकारका श्रम शोषण अन्त्य गर्नु, वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्ने लक्ष्य तय गरिएको छ ।

त्यसैगरी योजनाले स्थानीय तहदेखि रोजगार कार्यक्रमलाई विस्तार गरी न्यूनतम रोजगारीको प्रत्यभूति गर्ने, विद्यमान श्रम तथा रोजगार सम्बन्धी कानुनहरूको प्रभावकारी कार्यन्वयन सामाजिक संवादको माध्यमबाट असल औद्योगिक श्रम सम्बन्धको विकास गर्ने, राष्ट्रिय आवश्यकताका अधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा, तालिम र सीप विकासद्वारा श्रमिकको दक्षता अभिवृद्धि गर्ने, तीन तहका सरकाबीच रोजगारी सिर्जना र श्रम व्यवस्थापनमा प्रभावकारी समन्वय गर्ने, वैदेशिक रोजगारका चरणलाई सुरक्षित, शोषणमुक्त मर्यादित र अधिकतम प्रतिफलदायक बनाउने, रोजगार सिर्जना गर्न एवम विभिन्न निकायसँग समन्वय तथा रोजगारी कार्यको नियमन गर्न अधिकार सम्पन्न उच्चस्तरीय राष्ट्रिय रोजगार प्राधिकरण गठन गर्ने रणनीति अवलम्बन गरिए तापनि त्यो केवल कागजमा मात्रै सीमित गरिएको छ । अर्कोतर्फ आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०७९/०८० लाई हेर्ने हो भने नेपालको संविधानले सबै लिङ र समुदायभित्रका आर्थिक रूपले विपन्न व्यक्तिलाई प्राथिमिकतामा राखी सामाकि सुरक्षा र सामाजिक न्याय प्रदान गर्न गरिबी निवारण तथा रोजगार लक्षित कार्यक्रम सञ्चालन गर्न मार्गदर्शन गरेको छ । कामदार तथा वैदेशिक रोजगारमा जाने मानिसहरूको सुरक्षा तथा कल्याणमा राज्य र स्वयम् नागरिकले समेत ध्यान दिनु आवश्यक छ ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन जानेछ । | **तुला** : मिष्ठान्न भोजन प्राप्ति होला । साथीको भेटघाटले मन प्रफुल्ल रहला । |
| **वृष** : विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । नयाँ क्षेत्रमा लगानीको अवसर मिल्नेछ । | **वृश्चिक** : कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला । |
| **मिथुन** : ज्ञान सिक्ने मौका मिल्नेछ । कार्यसिद्धि हुने अवसर मिल्नेछ । | **धनु** : विशिष्ट व्यक्तिबाट पुरस्कार तथा हौसला प्राप्त हुनेछ । |
| **कर्कट** : प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । सामान हराउन सक्छ । | **मकर** : आफन्तसँग रमाइलो भेटघाट हुनेछ ।मनोरञ्जनमा सहभागी भईएला । |
| **सिंह** : काममा लाभदायक यात्रा रहनेछ । नयाँ कार्य थालनी होला । | **कुम्भ** : महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| **कन्या** : विद्या र बुद्धिको विकास हुनेछ, प्रेम र मित्रताको बन्धन कसिनेछ । | **मीन** : रोजगारको अवसर मिलनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । |

## मनोरञ्जन

# फिल्मसँगै ब्रान्ड प्रवर्द्धनमा नीतिको माग



फिल्ममा डेब्यूका लागि मोडल नीति शाहले ठूलै संघर्ष गर्नुपर्‍यो । लगातार चारवटा फिल्म सम्झौता गर्दा पनि कुनै निर्माण भएनन् । यसपछि फिल्म 'खजुरे ब्रो'बाट डेब्यू गरेकी उनले त्यसपछि निर्देशक सविर श्रेष्ठको फिल्म 'रुखान' सम्झौता गरिन् । उनले निर्देशक दीवाकर भट्टराईको नयाँ फिल्म 'राजा'मा पनि काम गर्न लागेको जानकारी प्राप्त छ । यसरी हेर्दा उनलाई फिल्म अभाव देखिँदैन ।

फिल्मसँगै ब्रान्ड बजारमा पनि उनको माग उच्च छ । सन् २०१७ मा मिस नेपाल इन्टरनेसनलको उपाधि जितेपछि उनी दर्जनौं ब्रान्ड प्रवर्द्धनमा जोडिसकेकी छन् । यो उनको आम्दानीको राम्रो स्रोत पनि हो । यसैबीच, नीति 'ब्राडफोड ग्लोबल तथा एप्लाई ग्लोबल' कन्सल्टेन्सीको 'ब्रान्ड एम्बेसडर' बनेकी छिन् । नीति र कन्सलटेन्सीका निर्देशक पवन बिष्टबीच कागजी सम्झौता भयो । 'ब्रान्ड एम्बेसडर' नियुक्त भएपछि उनले भनिन्- 'ब्राडफोडले १८ वर्षदेखि नेपाली विद्यार्थीहरुलाई विश्वका प्रसिद्ध शैक्षिक गन्तव्यमा जाँदा छात्रावृत्तिमा सहयोग गर्ने, काउन्सिलिङ गर्ने तथा उचित मुल्यमा 'इङ्लिस प्रोफिसेन्सी टेष्ट'हरु समेत गरिरहेको सुन्दा खुशी लाग्यो । यस्तो संस्थाको 'ब्रान्ड एम्बेसडर' हुन पाउँदा एकदमै खुशी लागेको छ ।' नीतिले अब यो कन्सल्टेन्सीको प्रवर्द्धन गर्नुपर्नेछ । ब्राडफोड ग्लोबलका निर्देशक तथा एप्लाई ग्लोबलका प्रमुख पवन विष्टले आफूहरु सधैं नै विदेशमा अध्ययन गर्न जाने सिलसिलामा विद्यार्थीहरुले कुनै बाधा झेल्न नपरोस् भनेर काम गरिरहेको बताए । नीति शाहलाई 'ब्रान्ड एम्बेसडर'मा नियुक्त गर्न पाउँदा खुसी लागेको उनको भनाई छ । त्यस्तै, संस्थाका निर्देशक रविन्द्र घिमिरेले कन्सल्टेन्सीले अझै गुणस्तरीय कार्य गर्ने प्रतिवद्धता जनाए ।

*-फिल्मी खबर डटकम*

# सबै दर्शकले हेर्न पाउने 'महाजात्रा'





यसवर्षको प्रतिक्षित फिल्म 'महाजात्रा' सम्पूर्ण वर्गका दर्शकले हेर्न पाउने भएका छन् । केन्द्रीय चलचित्र जाँच समितिले फिल्मलाई हेर्दै 'यु' अर्थात् युनिभर्सल प्रमाणपत्र दिएको छ । अर्थात् चैत ९ गतेदेखि नेपालसहित विश्भर एकसाथ प्रदर्शन हुने फिल्म सम्पूर्ण वर्गका दर्शकले हेर्न पाउनेछन् । फिल्मका लेखक तथा निर्देशक प्रदीप भट्टराईले फिल्मले मनोरञ्जनसँगै संदेश दिने भएकाले यो सम्पूर्ण वर्गका दर्शकलाई लक्षित गरेर तयार गरिएको बताए । 'हामीलाई आइडिया फुरेपछि त्यसलाई जात्राकै सेटअपमा तीन पात्रमार्फत व्यक्त गर्दा न्यायपूर्ण हुने लागेर यसमा राखिएको हो । यसमा राजनीति जोडिएको छ तर फिल्म त्यसमा केन्द्रीत भने छैन । यो जात्राकै सेटअपमा तयार भएको फिल्म हो', निर्देशक भट्टराईले भने । आफूले भन्नु पर्ने राष्ट्रिय विषय भएकाले त्यसलाई जात्रामार्फत व्यक्त गर्न लागेको बताउदै निर्देशक भट्टराईले तीन पात्र बाहेक नयाँ कलाकार र परिवेश रहेको बताए ।

'यसमा फडिन्द्र, मुन्ना र जोएशसँगै नयाँ अनुहारले नयाँ परिवेशलाई भित्राएका छन् । फिल्म हेरेपछि उस्तै कथा वा परिवेशलाई लिएर उठिरहेको प्रश्नको जफाव पाउनु हुनेछ भन्नेमा विश्वस्त छु । जात्रा शृङ्खलाकै निरन्तरता भएकाले त्यसमा जोडेका हौँ', निर्देशक भट्टराईले भने । अभिनेतासँगै कार्यकारी निर्माता रहेका रवीन्द्रसिंह बानियाँले फिल्म बजार र दर्शकलाई हेरेर तयार गरिएको बताए । 'हामीले जात्रा शृंखलाको लिगेसीलाई बढाउने गरी महाजात्रा तयार गरेका छौं । यसमा हरिवंश दाइ जोडिनु भएकाले महाजात्रा भएको छ । फिल्मले सामाजिक दायित्व र दर्शकलाई मनोरञ्जन दिने दुवै दायित्वलाई निर्वाह गरेको छ', अभिनेता बानियाँले भने । अभिनेता हरिवंश आचार्यले आफू 'जात्रा' मार्फत नै गायकको रुपमा शृङ्खलामा जोडिएको बताउँदै यसपटक भूमिकामै रहेको जानकारी दिए । उनले निर्देशक भट्टराई र षटकोण आर्ट्सले निर्माण गर्ने फिल्म प्रति आफू ढुक्क भएर काम गर्न सक्ने वातावरण रहेको बताए । 'अहिले महाजात्रा नेपालसँगै विश्वभर एकसाथ प्रदर्शन भइरहेको सन्दर्भ नेपाली फिल्मकै लागि गौरवको विषय बनेको छ । किनकि यो भव्य रुपमा प्रदर्शन हुँदै गरेको आभास सार्वजानिक पोस्टरले दिएको छ । अहिले नेपालीले मात्र हेरिरहेको फिल्म विस्तारै विदेशी दर्शकले पनि हेर्ने दिन आउनेछ । त्यो स्थानमा पुर्‍याउन महाजात्रा पनि एक खुड्किलो हो', अभिनेता आचार्यले भने । फिल्ममा अभिनेता आचार्यले भ्रष्ट नेताको भूमिका निर्वाह गरेका छन् । नकारात्मक भूमिकाले पर्दामार्फत सकारात्मक संदेश पनि प्रवाह गर्ने उनले बताए । उनले भने,'नकारात्मक कार्य वा गतिविधि गर्न हुँदैन भन्ने यसले मनोरञ्जनात्मक शैलीमा ज्ञान समेत दिन्छ । यही कारण पनि म यस भूमिकालाई निर्वाह गर्न सहमत भएको हुँ ।' फिल्म 'जात्रा' मार्फत मुन्नाको रुपमा दर्शकसँग साक्षात्कार गरेका रवीन्द्र झा अहिलेका व्यस्त कलाकार हुन् । प्राय निर्माता तथा निर्देशक उनलाई स-साना भूमिकामा अभिनय गराउन तत्पर छन् । तर, उनलाई फिल्ममा स्थापित गराउने 'जात्रा' शृङ्खलामा उनको भूमिका सशक्त छ । 'मुन्ना सोझो व्यक्ति हो । तर, उसको जिम्मेवारीले उसलाई प्रलोभनमा पर्न उत्प्रेरित गर्छ । मधेशबाट काठमाडौँ आएको मुन्नाको आवश्यकता बढ्दै गएपछि उसले साथीहरूसँग विविध काममा सहकार्य गरेको हो', अभिनेता झाले भने । सुन र पैसा देखेर भाग्ने मुन्नालाई आवश्यकता र परिस्थितिले गडबड गर्न बाध्य बनाएपनि उसले कसैको हत्या वा नोक्सानी गर्ने नियत नभएको उनले बताए । यसपटक 'जात्रा' शृङ्खलाको तेस्रो भाग 'महाजात्रा' रमाइलोसँगै संदेश मुलक बनेको उनले बताए । 'फिल्मले अघिल्ला शृङ्खला भन्दा बढी रमाइलो दिन्छ नै साथै यसले संदेश पनि दिन्छ । गम्भीर विषयवस्तुलाई निर्देशक भट्टराईले फिल्मी शैलीमा रमाइलो किसिमले प्रस्तुत गर्नुभएको छ । यो फिल्ममा सबै वर्गले आफ्नो कथा भेट्नुहुनेछ', अभिनेता झाले भने, 'मेरो भूमिकाले धेरै कुरालाई इङ्गित गरेको छ । मधेशबाट आएको पात्रले कसरी काठमाडौंमा संघर्ष गरिरहेको छ भन्ने यसमा देख्न सकिन्छ ।' प्रदीप भट्टराईको लेखन तथा निर्देशनमा तयार भएको फिल्म चैत ९ मा नेपालसँगै विश्वभर एकसाथ प्रदर्शन हुँदैछ । नेपाल र भारत बाहेकको प्रदर्शन र वितरणको अधिकार खरिद गरेको एमएसएम इन्टरटेन्मेन्टस्का अनुसार संयुक्त राज्य अमेरिका र क्यानाडामा नाम्लो इभेन्ट्स र कोसेली कोलोराडो, मिडलइस्ट अन्तर्गतका देशमा कन्सेप्ट भिजन र सुप्रिम फिल्म प्रोडक्सन एण्ड डिस्ट्रिव्युसन, युरोप अन्तर्गतका देशमा एनएमटी डेनमार्क, जापानमा आन्वी इन्टरटेनमेन्ट्स, कोरियामा विशाल आवाज मल्टिमिडिया प्राली, न्युजिल्यान्डमा लाखे इभेन्ट्स र अष्ट्रेलियामा स्वयम् एमएसएम इन्टरटेनमेन्टस् र रोटे पिङले फिल्मलाई वितरण र प्रदर्शन गर्दैछ । यो फिल्म मार्च २८ देखि साउदी अरेबियामा प्रदर्शन हुँदैछ । पहिलोपटक कुनै नेपाली फिल्म साउदी अरेबियामा प्रदर्शन हुन् लागेको हो । यस्तै फिल्मले प्रदर्शन मिति नजिकिँदै गर्दा गरिरहेको प्रचारप्रसारले नेपालसँगै विदेशमा समेत दर्शकलाई फिल्मप्रति चाख बढाएको छ । नेपाल भ्रमणका क्रममा फिल्म 'महाजात्रा' ले मजदुरदेखि मेयर हर्क साम्पाङसम्म, रिक्सा, बस, सफारीदेखि रत्नपार्कको पुलसम्म प्रचार सामग्री राखेको छ । नेपालमा यस किसिमको भव्य प्रचारप्रसार कमै फिल्मको हुने गरेको छ । क्रिकेट लाइभदेखि अनलाइन विज्ञापन गरिरहेको फिल्मले नेपालसँगै विश्वव्यापी विष्फोटक व्यापार गर्ने अनुमान गरिएको छ । फिल्मका कलाकारसँगै कार्यकारी निर्माता समेत रहेका अभिनेता बानियाँले नेपाली फिल्मको बजार बढाउन प्रचारप्रसारमा कन्जुस्याई गर्न नहुने बताए ।

*-डिसी नेपाल डटकम*

# निर्देशक स्वयंलाई आफ्नो सिनेमामा विश्वास छैन, दर्शकले कसरी गरून् भरोसा ?

नेपाली कथानक चलचित्र 'रङ्गेली' प्रदशर्नमा आयो । दुई घण्टा ५५ मिनेट लामो चलचित्र यही लेन्थमा तीन दिनभन्दा धेरै चल्न पाएन । निर्माण पक्षले यो सिनेमाको लम्बाइ छोट्यायो । फागुन २५ गतेदेखि २८ गतेसम्म दर्शकले यो सिनेमा दुई घण्टा ५५ मिनेट हेरे । २८ गतेदेखि भने दर्शकले दुई घण्टा ३० मिनेटको सिनेमा हेरेका छन् । 'रङ्गेली'का निर्देशक अर्जुन सुवेदी दर्शकले सिनेमा लामो भयो भन्ने गुनासो गरेपछि लम्बाइ छोट्ट्याइएको बताउँछन् । राम्रो प्रतिक्रिया पाए पनि लामो भएको गुनासोपछि छोट्ट्याइएको उनी सुनाउँछन् । "केही लामो भयो । केही घटाउँदा र फास्ट कटिङ गर्दा थप राम्रो हुन्थ्यो भन्ने दर्शकको टिप्पणीलाई आत्मसात् गर्दै हामीले सिनेमालाई २१ मिनेट घटाएका छौँ," निर्देशक सुवेदीले भने । प्रिमियरमा देखाइएको सिनेमा शुक्रबार रिलिज गर्दा ६ मिनेट घटाइएको थियो । पछि १५ मिनेट घटाएर सिनेमाको लेन्थ दुईपटक गरेर २१ मिनेट छोट्याइयो । 'रङ्गेली' रिलिजको अघिल्लो हप्ता अर्थात् फागुन १८ गतेदेखि 'अगस्त्य' प्रदर्शनमा आएको थियो । रिलिज गरिँदा यो चलचित्र दुई घण्टा ५० मिनेट लामो थियो । पछि २० मिनेट छोट्ट्याएर १५० मिनेटमा झारियो । दर्शकको सुझावका आधारमा त्यस्तो गरिएको निर्माण पक्षले जनाएको थियो ।




रिलिजपछि सिनेमाका दृश्य काट्ने मात्र होइन, थपघट गर्ने परम्परा पनि नेपालमा नौलो होइन । दृश्य मात्र होइन, क्लाइमेक्स नै परिवर्तन गर्ने मेकर पनि छन् । गएको वैशाखमा प्रदर्शनमा आएको 'ज्याकी : आई एम ट्वान्टी वान'को क्लाइमेक्समा परिवर्तन गरिएको थियो । दर्शकले क्लाइमेक्स अपूर्ण भएको भन्दै परिवर्तन गर्न सुझाव दिएकाले त्यस्तो गरिएको निर्देशक रेनेशा राईले बताएकी थिइन् । रेनेशाका शब्दमा 'परिवर्तित क्लाइमेक्सलाई दर्शकले मन पराए ।' भलै, यो सिनेमाले लगानी उठाउन सकेन । त्यसअघि, चलचित्र 'दुई नम्बरी'मा केही दृश्य परिवर्तन गरिएको थियो । 'दुई नम्बरी'को दृश्य परिवर्तनप्रति सेन्सर बोर्डले प्रश्न उठाएको थियो । चलचित्र विकास बोर्डले वक्तव्य जारी गर्दै यसप्रति चासो व्यक्त गरेको थियो । यी त भए पछिल्ला सिनेमाका केही उदाहरण । यस्ता थुप्रै चलचित्र छन्, जसले रिलिजपछि लेन्थ छोट्याए ।

**किन छोट्याउँछन् मेकरले सिनेमा ?**

"दर्शकले लामो भयो भन्नुभयो । त्यसैले हामीले केही छोट्ट्याएका हौं," निर्देशक अर्जुन भन्छन्, "हामीलाई राम्रो लाग्छ, रिलिजअगाडि सयौँपटक सिनेमा हेरिसकेका हुन्छौँ, त्यसैले यो दृश्य कथा अगाडि बढाउन चाहिन्छ भन्ने लाग्छ । त्यसैले सिनेमा लामो हुन्छ ।" एक्सनप्रधान सिनेमा सुरुमा स्लो पेसमा अगाडि बढ्छ । तर, फास्ट कट हुनुपर्‍यो भनेपछि आफूले सिनेमाका केही दृश्य काटेको उनी सुनाउँछन् । सिनेमाको कथा नबिग्रने गरी दृश्य काटिएको उनको जिकिर छ । "हामीले २१ मिनेट सिनेमा छोट्याए पनि कथामा असर गर्दैन । स्लो पेसको सिनेमालाई हामीले फास्ट बनाएका मात्रै हौँ," उनी दाबी गर्छन् । सिनेमा रिलिजको दुई दिनमै २०/२१ मिनेट काटेर फाल्नुको कारण निर्देशकमा आत्मविश्वास र ज्ञानको कमी हो । सिनेमामा म के, कति र किन देखाउँदै छु भन्नेमा निर्देशक स्पष्ट हुनुपर्छ । यसमा स्पष्ट नहुँदा निर्देशक स्वयंको क्षमतामा प्रश्न उठाउन सकिन्छ । आफ्नो सिनेमाका हरेक दृश्य यस कारण हुन् भनेर तर्कसहितको जवाफ निर्देशकमा हुनुपर्छ । हरेक दर्शकको प्रतिक्रिया मनन गर्दै गए, सिनेमा छोट्ट्याउँदा छोट्ट्याउँदै सकिए निर्माताको हातमा चलचित्रै नरहला नि ! दर्शकले जुन जुन दृश्य काट् भन्छन्, त्यही त्यही काट्दै जाने हो भने निर्देशकको के काम ! इडिटर नै काफी भएन र ? निर्माताले सिनेमा बनाउन निर्देशक खोज्ने कि दर्शक ? त्यो निर्देशक क्षमतावान् हो, जसले दर्शकलाई आफ्नो सिनेमाका हरेक दृश्य महत्त्वका छन् भनेर कन्भिन्स गराउन सक्छ । यति क्षमता राख्दैन भने निर्देशकको क्षमतामा जो कोहीले प्रश्न उठाउन पाउँछ । सिनेमाको कथा जेसुकै होस्, यथार्थ वा काल्पनिक । आफूले बनाउने सिनेमाको कथालाई विश्वसनीय बनाउने काम निर्देशकको हो । किनकि, सिनेमा निर्देशकको हो । सिनेमा निर्देशकीय माध्यम हो । काल्पनिक कथालाई पनि जसले विश्वासयोग्य बनाएर भन्न सक्छ र त्यसमा दर्शकले विश्वास गर्छन्, त्यही नै निर्देशकको क्षमता हो । कला हो । २० मिनेटमा औसतमा २५ सिन हुन्छ । सोसल ड्रामा हो भने २५ सिन खिच्न कम्तीमा सात दिन लाग्छ । एक्सन सिनेमा भए अझै बढी दिन लाग्छ । "सोसल ड्रामा हो भने २५ सिन खिच्दा २५ देखि ३० लाखसम्म खर्च लाग्छ," एक निर्देशकले बाह्रखरीसँग भन्छन् ।

के खिच्दै छु र के राख्ने, यो राख्दा र नराख्दा के हुन्छ भन्नेमा निर्देशक स्वयं क्लियर नहुँदा निर्माताको पैसा पनि डुबिरहेको छ । निर्देशकमा आफ्नै कामप्रति विश्वास नहुँदा त्यसको प्रत्यक्ष असर निर्मातालाई परिरहेको छ । त्यसो त निर्मातामा पनि कमजोरी छ । दश लाख बढी पारिश्रमिक दिनुपर्ने लोभले क्षमतावान् निर्देशकलाई नजरअन्दाज गर्दै जसले सस्तोमा काम गर्छ, उसैलाई हायर गर्ने निर्माता पनि कम दोषी छैनन् । यसको अर्थ नयाँ निर्देशक नरोज भनेर निर्मातालाई भनेको होइन । पहिलो निर्देशनमा आफूलाई अब्बल प्रमाणित गर्ने निर्देशक थुप्रै छन् । 'लुट' निश्चल बस्नेतको पहिलो निर्देशन थियो । 'जात्रा' पनि प्रदीप भट्टराईको पहिलो निर्देशन नै हो । निर्देशकको विश्वासमा करोडौँ लगानी गर्नेले कस्तो निर्देशकलाई हायर गर्दै छु, सकारात्मक र नकारात्मक पक्ष केके हुन् भनेर बुझ्नु पर्दैन ? नबुझ्नु निर्माताको कमजोरी हो । त्यसो त नेपाली सिनेमाका अधिकांश मेकर कति गैरजिम्मेवार छन् भन्ने 'रङ्गेली'कै प्रिमियरले पनि संकेत गर्छ । अपराह्न साढे ४ बजे प्रिमियर शोमा चलचित्र हेर्न बोलाएर बेलुका ७ बजे कार्यक्रम सुरु गरियो । आधा घण्टा लगाएर कलाकार र प्राविधिकलाई अगाडि बोलाइयो । कलाकारलाई बोल्न लगाइयो । प्राविधिकलाई अगाडि बोलाएर चिनाए । करिब साढे ७ बजे सिनेमा सुरु गरे । तर, सिनेमामा साउन्ड थिएन । भिडियो मात्र थियो । पटक-पटक प्ले गर्दा पनि सिनेमामा अडियो नआएपछि आधाभन्दा धेरै पत्रकार र पाहुना त्यसै फर्किए । 'रङ्गेली' रिलिजकै दिन प्रदशर्नमा आएको 'काँडेतार'को प्रिमियर हेर्न पुगेका पत्रकार र पाहुना पनि सिट नपाएपछि त्यसै घर फर्किएका थिए । यही फागुन ११ गते रिलिज भएको 'गोर्खा वारियर'मा पनि अवस्था उस्तै थियो । प्रिमियरमा पुगेका पाहुना र पत्रकार सिट नभएपछि सिनेमा नहेरी घर फर्किएका थिए । हलको सिट क्षमता कति छ भनेर क्यालकुलेसन नगरी पत्रकार र पाहुना बोलाउने त नेपाली मेकरको 'रोग' नै हो । निर्धारित समयभन्दा कम्तीमा अढाईदेखि तीन घण्टा ढिलो गरी कार्यक्रम सुरु गर्नु नेपाली मेकरका निम्ति बिहान-बेलुकाको दालभातजस्तै भइसकेको छ । अघिल्लो दिन एउटा लेन्थको सिनेमा भोलि अर्कै हुन्छ भने निर्देशकको आत्मविश्वासमा कमी त हो नै, सँगै त्यो दर्शकप्रतिको हेपाहा प्रवृत्ति पनि हो । एउटै सिनेमाको लेन्थ आज एउटा, भोलि अर्कै । आज एउटा सिन छ, भोलि अर्कै । आज एउटा क्लाइमेक्स छ, भोलि अर्कै हुन्छ भने निःसन्देह त्यो निर्देशकको अल्पज्ञान हो । आफैँप्रतिको अविश्वास पनि हो । आफ्नै सिर्जनामा दुई दिनभन्दा बढी अडिन नसक्ने र डिफेन्स गर्ने तर्क नभएका सर्जक (निर्देशक)को सिर्जना (सिनेमा)मा दर्शकले कसरी गरून् भरोसा ? र, हेर्न जाऊन् हलमा ?

सिनेमा घोषणाभन्दा पहिले नै रिलिज डेट तोक्ने, कसलाई कोसँग इगो साध्नुपर्ने छ, उसको सिनेमासँग भिडाउने नेपाली मेकर र वितरकका लागि सामान्य भइसकेको छ । यसको परिणाम सिनेमा मेकिङ र बक्सअफिसमा देखिन्छ/देखिइरहेको छ । साउन्डबिनाको सिनेमा प्रिमियरमा आउनुपर्ने रिलिजको हतारोकै परिणाम हो । पछिल्लो समय २०/२१ मिनेट सिनेमा छोट्याएका एक निर्देशकले भने, "दर्शकको सुझाव त सिनेमा छोट्ट्याउनुको कारण एउटा हो नै, अर्को मुख्य कारण हलवालाको दबाब पनि हो ।" उनका अनुसार, हल मालिक आफैँले नभएर अरूमार्फत सिनेमा छोट्ट्याउन दबाब दिएका थिए । अन्यथा, शो घटाउने चेतावनी पाएका थिए । "यसै पनि थोरै शो थियो । त्यसमा पनि नछोट्याए शो घटाइदिन्छौँ भनेपछि बाध्य भएर घटाउँनैपर्‍यो," ती निर्देशकले गुनासो गरे, "जसले जति गफ गरे पनि पहिलो साता नै शो पाइएन भने कमाउन कठिन छ । त्यसैले बाध्य भएर सिनेमा काटेका हौं ।" ती मेकरको भनाइ सत्य हो भने आफूले साढे तीन घण्टासम्मका विदेशी सिनेमा ल्याएर चलाउने अनि नेपाली चलचित्र लामो भयो, छोट्ट्याऊ भनेर दबाब दिन मिल्छ ? कुन नैतिकताले हलवालाले नेपाली मेकरलाई सिनेमा छोट्याऊ भनिरहेका छन् ?

*-बाह्रखरी डटकम*

# रैनादेवीमा अध्यक्षकप पुरुष भलिबल प्रतियोगिता



**पाल्पा,** चैत ६/पाल्पाको रैनादेबी छहरा गाउँपालिकाको आयोजना तथा युवा तथा खेलकुद विकास समितिको समन्वयमा चौथो अध्यक्षकप अन्तरपालिका स्तरीय पुरुष भलिबल प्रतियोगिता सुरु भएको छ । पालिकाको खेलमैदान कटौजेपानीमा सोमबारदेखि शुरु भएको हो ।

चैत्र ७ गतेसम्म चल्ने प्रतियोगिताको लुम्बिनी प्रदेश सांसद वीरबहादुर रानाले शुभारम्भ गरेका हुन् । प्रतियोगिताको शुभारम्भ गर्दै प्रदेश सांसद रानाले राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद भन्ने नारा अब पालिकाको पहिचानको रुपमा खेलकुदमा जोडिन पुगेको बताए । अन्तरपालिका स्तरको खेलकुद भनेको जिल्लास्तर सरहको खेलकुद प्रतियोगिता भएकाले रैनादेवी छहरा गाउँपालिकाले राम्रो कामको शुरुवात गरेको प्रदेश सांसद रानाले बताए । अबका दिनका अन्य पालिकाहरुले पनि विभिन्न खेलकुदमा अन्तरपालिका स्तरका प्रतियोगिता सञ्चालन गरी जिल्लामा खेलकुद गतिविधिलाई अगाडि बढाउनु पर्नेमा सांसद रानाले जोड दिए । खेलकुदको माध्यमबाट गाउँलाई हराभरा बनाउन सकिने, बसाई सराई रोकिने, गाउँ गाउँबाट नयाँ नयाँ खेलाडीहरु उत्पादन भई पालिकाकै नाम अगाडि बढाउने भएकाले यस्ता खेलकुद गतिविधी पालिकाहरुले नियमित रुपमा गरिरहनु पर्नेमा सांसद रानाले बताए । कार्यक्रममा रिब्दीकोट गाउँपालिकाका अध्यक्ष नारायणबहादुर कार्कीले खेलकुदको माध्यमबाट अन्तरपालिका स्तरमा सम्बन्ध विस्तार हुने, खेलाडीहरुको क्षमता बृद्धि हुने, राष्ट्रिय स्तरका खेलाडीहरु उत्पादन हुने भएकोले रैनादेवी छहराले राम्रो प्रतियोगिता सञ्चालन गरेको बताए । प्रतियोगिता शुभारम्भ कार्यक्रममा रैनादेवी छहरा गाउँपालिकाका निवर्तमान अध्यक्ष रामबहादुर कार्कीले आफ्नो पालामा शुरु भएको अध्यक्ष कप भलिबल प्रतियोगिताले निरन्तरता पाएको भएपनि पालिकाको मुख्य खेलमैदानको निर्माण कार्य अझै अधुरो र व्यवस्थित नभएकोमा चिन्ता व्यक्त गरे ।

कार्यक्रममा सम्पूर्ण राजनीतिक दलहरुको तर्फबाट नेकपा एमाले रैनादेवी छहरा गाउँपालिका प्रतिनिधी झविन्द्र रायमाझी, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष दिपक घिमिरे, रापपुर नगरपालिकाका प्रवक्ता कपिल खाण लगायतले रैनादेवी छहरा गाउँपालिकाले शुरु गरेको पालिका स्तरीय पुरुष भलिबल प्रतियोगिताले जिल्लाभरीका भलिबल खेलाडीहरुमा उत्साह जगाएको बताए । कार्यक्रममा पालिका उपाध्यक्ष युवराज थापाले खेलकुद गतिविधीबाट रैनादेवी छहराको पहिचान बढाउन, अन्तरपालिका विच सम्बन्ध बढाउन, अन्तरपालिका विचका खेलाडीहरु प्रतिस्पर्धा बढाउन, जिल्लाबाट राष्ट्रिय स्तरका भलिबल खेलाडीहरु उत्पादन गर्नका लागि प्रतियोगिता आयोजना गरिएको बताए । गाउँपालिकाका अध्यक्ष रुक्माङ्गत भट्टराईले रैनादेवी छहरालाई खेलकुदको रुपमा परिचित बनाउन, खेलकुद पर्यटन बढाई ग्रामीण क्षेत्रसम्म चहल पहल बढाउन, पालिका भित्रका खेलाडीहरुलाई पालिका भित्र सिमित नराखी जिल्ला स्तरीय हुँदै राष्ट्रिय खेलाडी बनाउन प्रतियोगिता आयोजना गरिएको बताए । पालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद तिमिल्सीनाले खेलकुद गतिविधीलाई बढाउन पालिकाले बजेटको अवस्था अनुसार बन्द प्रशिक्षण तथा न्युनतम खेलाडीहरुलाई भत्ताको व्यबस्थाको विषयमा पालिकामा छलफल भइरहेको बताए ।

## खेलकुद समाचार

### आर्मी क्लबद्वारा कर्णाली प्रदेश पराजित



**काठमाडौं,** चैत ६/आठौं महिला तथा पुरुष भलिबल च्याम्पियनसिप अन्तर्गत महिलातर्फको खेलमा विभागीय टोली त्रिभुवन आर्मी क्लबले कर्णाली प्रदेशलाई पराजित गर्दै प्रतियोगितामा पहिलो जित दर्ता गरेको छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा आज भएको खेलमा आर्मीले कर्णाली प्रदेशलाई ३-० ले पराजित गऱ्यो । आर्मीले कर्णालीमाथि २५-१६,२५-२३ र २५-७ को जित निकाल्यो । जितसँगै समूह 'ए' को आर्मीले दुई खेलमा तीन अंक जोडेको छ । हारसँगै तीन खेलमा पराजित कर्णाली प्रतियोगिताबाट बाहिरिएको छ । पहिलो खेलमा आर्मी एभरेष्ट भलिबल क्लबसँग ३-१ सेटले पराजित भएको थियो । त्यस्तै कर्णाली नेपाल पुलिस क्लब र एभरेष्ट क्लबसँग पराजित भएको थियो । नेपाल भलिबल सैको आयोजनामा भएको उक्त प्रतियोगिताका विजेता टोलीले रु पाँच लाख, उपविजेताले रु दुई लाख ५० हजारर र तेस्रो हुने टोलीले रु एक लाख २५ हजार प्राप्त गर्नेछन् ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से परिसूचकमा सामान्य अंकको गिरावट



**पाल्पा,** चैत ६/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सामान्य अंकको गिरावट देखिएको छ । मंगलबार नेप्से परिसूचक छ दशमलव २४ अंकले घटेर दुई हजार ६७ दशमलव २९ को अंकमा कायम भएको हो ।

तीन सय सात कम्पनीक ९४ लाख ७८ हजार नौ सय ३३ कित्ता शेयर ६३ हजार आठ सय एक पटक खरिदबिक्री हुँदा रु तीन अर्ब ६३ करोड ३९ लाख ३६ हजार पाँच सय ५४ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । वित्त समूह दुई दशमलव १०, जीवन बीमा समूह शून्य दशमलव ०६ र लघुवित्त समूह दुई दशमलव ०३ अंकले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह एक दशमलव ३८ र व्यापार समूह एक दशमलव ३१ प्रतिशतले घटेको छ । बुद्धभूमि नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड र सर्वोत्तम सिमेन्ट लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । त्यसैगरी, धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड नौ दशमलव ९९ र इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ४५ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने सिद्धार्थ इन्भेस्टमेन्ट ग्रोथ स्कीम-२ सात दशमलव ०८ र पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडको छ दशमलव ९१ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा मंगलबार सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रु २५ करोड ९७ लाख २२ हजार तीन सय ६७ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने लक्ष्मी इक्विटी फन्डको छ लाख ९९ हजार छ सय ४२ कित्ता शेयर किनबेच भएको छ ।

# आज विश्व मुख स्वास्थ्य दिवस




**पाल्पा,** चैत ६/आज विश्व मुख स्वास्थ्य दिवस । दाँतको सफाइ तथा मुख स्वास्थ्यको विषयमा विभिन्न सचेतनामूलक कार्यक्रम गरी यो दिवस मनाइँदै छ । यस वर्ष 'एउटा स्वस्थ मुख नै स्वस्थ शरीर हो' भन्ने नाराका साथ विश्व मुख स्वास्थ्य दिवस मनाइँदै छ ।

शरीरभित्र प्रवेश गर्ने खानेकुराको प्रवेशद्वार नै मुख हो । शरीरका सम्पूर्ण अंगहरुलाई स्वस्थ र सुचारु राख्नका लागि पनि खानेकुरा र पौष्टिक तत्वहरु मुखबाटै खाने गरिन्छ । पेटमा कुनै स्वास्थ्य समस्या भएमा वा अन्य रोग लागेमा औषधि सेवन गर्ने पनि मुखबाटै हो । तर मुख नै स्वस्थ राख्न सकिएन भने शरीर पनि स्वस्थ रहन सक्दैन । हरेक वर्ष २० मार्चमा हामी विश्वलाई एकजुट भएर मुख सम्बन्धी रोगहरूको बोझ कम गर्न मद्दत गर्दै विश्व मुख स्वास्थ्य दिवस मनाइन्छ । यस दिनको उद्देश्य मुखको स्वास्थ्य सुरक्षित गर्न ज्ञान, उपकरण र आत्मविश्वासका साथ मानिसहरूलाई सशक्त बनाउनु हो ।


## वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१



## निक्षेप उपरको हकदावी सम्बन्धी ३५ दिने सूचना

*(प्रकाशित मिति : २०८०/१२/०७)*

थमन सिंह रास्कोटीकी नातिनी, मान बहादुर रास्कोटीकी छोरी, पाल्पा जिल्ला कोलडाँडा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला तिनाउ गा.पा. वडा नं. ५ बस्ने ना.प्र.प.नं. ३९१००६/२२९, (पाल्पा) भएको सुश्री शान्ती माया रास्कोटीको नाममा यस विकास बैंकको तानसेन, पाल्पा शाखा कार्यालयमा बचत खाता नं. ००६०१३००५८१८३४००००01 रहेकोमा निजको मिति २०८०/१०/२३ मा मृत्यु भएको र निज मृतक शान्ती माया रास्कोटीको नाममा यस विकास बैंकमा रहेको माथि उल्लिखित खाताको रकम भुक्तानीको माग गर्दै पाल्पा जिल्ला कोलडाँडा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला तिनाउ गा.पा. वडा नं. ५ बस्ने मृतक शान्ती माया रास्कोटीकी बहिनी नाता पर्ने प्रेम कुमारी रास्कोटीले मृतकको मृत्युदर्ता प्रमाण-पत्र (दर्ता नं. २०४२०८१६०३६८४-२) र अन्य आवश्यक कागजात सहित यस विकास बैंकमा निवेदन पेश गर्नु भएकोले उक्त रकममा अन्य कसैको हकदावी लाग्ने भए सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस विकास बैंकमा आवश्यक सबुत प्रमाणका कागजात सहित निवेदन दिनुहुन अनुरोध छ । अन्यथा तोकिएको समयभित्र निवेदन पेश नभएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदिका प्रेम कुमारी रास्कोटीलाई उल्लिखित व्यक्तिको खाताको रकम भुक्तानी भैजाने व्यहोराको लागि यो सूचना प्रकाशित गरिएको छ ।

"Access to All"
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited



## १५ दिने दावी विरोध सम्बन्धी सूचना

*मिति : २०८०/१२/०७*

प्रस्तुत विषयमा रम्भा गाउँपालिका वडा नं. ३, लुङ्करे स्थायी ठेगाना भई तानसेन नगरपालिका वडा नं. ३ भगवतीटोल स्थित हुम बहादुर दिशा थापाको छोरा पदम बहादुर दिशा थापाको श्रीमती श्याम कुमारी दिशा थापाको नाममा दर्ता कायम रहेको कित्ता नं. ४६७ क्षेत्रफल ०-२-३-२ को जग्गामा घर बनाउन लागेको र पश्चिम तर्फको कि.नं. ४६६ संधीयार अम्बर राज न्यौपाने सम्पर्कमा नआएकाले उक्त हाम्रो जग्गामा घर निर्माणको लागि नक्सा पास हुन नसकेकाले यो सूचना प्रकाशित गरिएको छ । जग्गाधनी श्याम कुमारी दिशा थापाले प्रकाशित गरेको सूचना मितिले १५ दिनभित्र सधीयार अम्बर राज न्यौपानेको कुनै दावी विरोध रहेमा स-प्रमाण सहित तानसेन नगरपालिका कार्यालयको नक्सा शाखामा दावी विरोध गर्न आउनुहुन सादर अनुरोध गरिन्छ । अन्यथा सोही बमोजिम नाप नक्सा तथा निर्माण कार्य सूचारु हुने यसै सूचनाबाट जानकारी गराइन्छ ।

इति सम्वत २०८० साल चैत्र ०७ गते रोज ०४ शुभम्...।



## मुखको स्वास्थ्यमा ध्यान दिऔं

*दाँत तथा मुखको रोगले मानव स्वास्थमा गम्भीर असर पार्ने हुँदा :*

- चिनीयुक्त वा दाँतमा टाँस्सिने खालका खानेकुरा कम खाऔं,
- रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं,
- फ्लोराईडयुक्त टुथपेष्टले दुई मिनेटसम्म दिनको दुई पटक ब्रस गरौं,
- खाना खाईसकेपछि राम्रोसँग ब्रस वा कुल्ला गर्ने गरौं,
- डेन्टल फ्लसको मद्दतले दाँतमा अड्किएको खाना निकालौं,
- सुर्तिजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं,

लुम्बिनी प्रदेश सरकार
गृह मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई